म्याग्दे गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

छाङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल

म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

## म्याग्दे गाउँपालिका क्षेत्राधिकार भित्रको नदीजन्य पदार्थ (ढुंङ्गा, गिट्टी, वालुवा आदि) उत्खनन् तथा विक्री सम्बन्धी पुन: गोप्य सिलवन्दी वोलपत्र आह्वानको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७६।०७।०८

स्थानीय सरकार संचालन ऐन २०७४ को प्रावधान ( दफा ११ र ६४ ) एवं म्याग्दे गाउँ कार्यपालिकाको निर्णय बमोजिम आ. व. २०७६।०७७ का लागि यस कार्यालयले तोकेको दररेटको आधारमा बार्षिक न्यूनतम रकमवाट बढावढ हुने गरी म्याग्दे गाउँपालिका क्षेत्र अन्तर्गत पर्ने देहायका शीर्षकहरुमा जे जस्तो अवस्थामा छन् सोही अवस्थामा ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकाले यस सम्वन्धी कार्यको ठेक्का लिन चाहने व्यक्ति, फर्म वा कम्पनीहरुवाट निम्न लिखित शर्तको अधिनमा रहि आफ्नो फर्म नवीकरण भएको प्रमाणपत्र, मु. अ. क. दर्ता प्रमाणपत्र/स्थायी लेखा दर्ता प्रमाणपत्र तथा आर्थिक बर्ष २०७५।०७६ को कर चुक्ताको प्रमाणित प्रतिलिपिहरु पेश गरी रितपूर्वक गोप्य शिलवन्दी वोलपत्र आह्वान गरिएको छ ।

नदीजन्य पदार्थ विक्री तथा उत्खनन कर :

| सि. नं. | ठेक्का नं. | नदि घाट किनारा | वडा नं. | बार्षिक उत्खनन परिमाण ( घ. मि. ) | न्यूनतम अङ्क ( कर वाहेक ) | वोलपत्र फाराम दस्तुर | धरौटी रकम | वोलपत्र खरिद गर्ने मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | आ. आ. ४-२०७६/०७७ | झकास फुलवारी माथिल्लो, तल्लो | ५ | ८८६६.६७ | १२,५२,४७०.३४ ( वाह्र लाख वाउन्न हजार चार सय सत्तरी रुपैया चौतीस पैसा मात्र । ) | १,०००.०० ( एक हजार रुपैया मात्र ) | कवोल अङ्कको कम्तिमा पाँच प्रतिशत | १५ दिन भित्र |

१. यस गाउँपालिकावाट उत्खनन् हुने नदीजन्य पदार्थको आन्तरिक बिक्रि दर रेट प्रति घ.मि. रु. १४१.२६ (कर वाहेक) रहेको छ ।

**बोलपत्र सम्बन्धी शर्तहरु:-**

- वोलपत्र फारम २०७६।०७।२२ गते सम्म कार्यालय समय भित्र तोकिएको दस्तुर भुक्तान गरी यस कार्यालयको राजस्व शाखावाट खरिद गर्न सकिनेछ वा PPMO's को website http://www.bolpatra.gov.np वाट Download गर्न सकिनेछ र यस कार्यालयको लक्ष्मी बैंक लि., थर्पु शाखामा रहेको खाता नं. : ग.४.१ : ०७८११०००५२४ मा तोकिएको दस्तुर जम्मा गरेको बैंक भौचर पेश गर्नुपर्ने छ । यस कार्यालयवाट खरिद भएका वोलपत्र २०७६।०७।२४ गते दिनको १२:०० वजेसम्म यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला हुन आएका वोलपत्र सोही दिनको १:०० वजे यस कार्यालयमा वोलपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । E-Bidding वाट पेश भएका वोलपत्रहरुमा अनिवार्य रुपमा सहिछाप गरि भरिएको वोलपत्र फाराम अपलोड गर्नुपर्नेछ । वोलपत्र दाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन ।
- उल्लेखित ठेक्काहरुको ठेक्का अवधि सम्झौता मिति देखी २०७७ जेष्ठ मसान्तसम्म मात्र हुनेछ ।
- यस कार्यालयवाट प्रमाणित भएको वोलपत्र फाराम स्वयं वा रितपूर्वकको वारेस निवेदन पठाई तोकिएको दस्तुर वुझाई खरिद गर्न सकिनेछ ।
- वोलपत्र खरिद गर्दा निवेदन सहित नेपाली नागरिकताको प्रमाण-पत्रको अतिरिक्त व्यक्ति, संस्था फर्म वा कम्पनीहरुले व्यवसाय दर्ता प्रमाण-पत्र र स्थायी लेखा नम्वर (मु.अ.कर सहितको) प्रमाण-पत्र तथा आर्थिक वर्ष ०७५/०७६ को कर चुक्ताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्नेछ ।
- वोलपत्र फाराम भरी पेश गर्दा आफुले कवुल गरेको रकम अङ्क र अक्षरमा प्रष्टसंग लेखि नेपाली नागरिकको हकमा ५% (पाँच प्रतिशत) र विदेशी नागरिक भए १०% (दश प्रतिशत) ले हुन आउने धरौटी रकम यस कार्यालयको लक्ष्मी

०७६।७।८

हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत

वैंक लिमिटेड, थर्पुमा रहेको च.हि.नं ग. ३ : ०७८११०००५५५ मा जम्मा गरेको सक्कलै बैंक भौचर वा बाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरेको बोलपत्रको लागि वोलपत्र दाखिला गर्ने अन्तिम मितिले कम्तिमा १२० दिन म्याद भएको रितपूर्वकको बैंक जमानी पत्र (विडवण्ड) पेश गर्नुपर्नेछ ।

- वोलपत्र खरिद गर्ने, पेश गर्ने, खोल्ने दिन विदा परेमा सो को भोलिपल्ट सोही समय र स्थानमा गरिने छ ।
- ठेक्का सम्झौता गर्दा कवुल अङ्कमा १३ % मुल्य अभिबृद्धि कर र नियम अनुसार लाग्ने अन्य कर जोडी कुल सम्झौता रकम कायम गरिने छ ।
- स्वीकृत ठेक्का अङ्कलाई दुई किस्तामा विभाजन गरिएको छ । पहिलो किस्ता ५०% र दोश्रो किस्ता ५०%, दुई किस्तामा विभाजन गरिएको र पहिलो किस्ता ५०% सम्झौता अगावै दाखिला गरि बाँकी ५०% को हकमा जमानत वापत नेपाल सरकारको मान्यता प्राप्त बाणिज्य बैकवाट २०७७ श्रावण मसान्त सम्म मान्य हुने बैंक ग्यारेण्टी (परफरमेन्स वण्ड) पेश गर्नुपर्नेछ । ५०% रकमको किस्ता सम्झौताको समय भित्र भूक्तान गर्नुपर्नेछ । दोस्रो किस्ता वापतको रकम चैत्र मसान्तसम्म चुक्ता गरी सक्नुपर्नेछ । म्याद भित्र कवुलियत गर्न नआएमा नियमानुसार हुनेछ ।
- तोकिएको किस्ता म्याद भित्र नवुझाएमा ठेक्का तोडी बाँकी रहेको किस्ता वैक ग्यारेण्टीवाट असुल उपर गर्न सकिनेछ । असूल गर्न बाँकी रकममा १०% थप क्षतिपूर्ति समेत जोडी सरकारी बाँकी सरह असूल उपर गरिनेछ ।
- कुनै शर्त राखी पेश गरेको, म्याद भित्र प्राप्त नभएको र रित नपुगेको वोलपत्र माथी कुनै कारवाही गरिने छैन ।
- ठेक्का स्वीकृत भई कार्यादेश दिई सकेपछि वन्द, हडताल, चक्का जाम, वा अन्य कुनै कारण देखाई मिन्हा वा छुट माग दावी गर्न पाईने छैन ।
- वोलपत्र दाताले ढुङ्गा, गिट्टी, वालुवा, आन्तरिक विक्रि गर्दा उक्त आ.व. को लागि गाउँ कार्यपालिकाले तोकेको दररेट/परिमाण भन्दा वढी हुने गरी उत्खनन् गर्न पाईने छैन । उक्त दररेट/परिमाण भन्दा वढी हुने गरी उत्खनन् गरेमा ठेक्का सम्झौता तोडिनेछ ।
- वोलपत्र दाताले मासिक रुपमा आफुले उत्खनन् गरेको परिमाणको विवरण अनिवार्य रुपमा गाउँपालिकामा पेश गर्नुपर्नेछ ।
- पेश भएका वोलपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने, सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।
- प्रदेश सरकारको ढुंङ्गा, गिट्टी, वालुवा उत्खनन, सङ्कलन, क्रसिङ्ग र विक्रिवितरण तथा क्रसर उधोग स्थापना र सञ्चालनलाई ब्यवस्थित गर्ने कार्यविधी, २०७५ पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।
- प्रि-विड मिटिङ्ग २०७६।०७।१५ गते दिनको १:०० वजे यस कार्यालयमा गरिने छ ।
- जिल्ला समन्वय समिति, तनहुँद्धारा स्वीकृत आई. ई. ई. प्रतिवेदनमा उल्लेख भएका वुँदाहरुको पालना गर्नुपर्नेछ ।
- यस सूचना र वोलपत्र फारममा उल्लेख भए वाहेक अन्य कुराहरु प्रचलित ऐन, नियम अनुसार हुनेछ ।
- बिस्तृत जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा, कार्यालय समय भित्र फोन नं. ०६५-४००१०८ मा सर्म्पक गरी जानकारी लिन सकिनेछ ।

म्याग्दे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छाङ, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३

०७६।६।१८
हरिराम नागिला
प्रमुख प्रशासकीय अधिकृत